लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

**आन्तरिक आयको पुन:बोलपत्र आव्हान सम्बन्धी सूचना**

**( प्रकाशित मिति २०८०।०४।१७ गते)**

**आ.व. २०८०/०८१ को नदीजन्य सामाग्रीको संकलन तथा बिक्रि कर**
**एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

लिखु गाउं कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, लिखु गाउंपालिकाको राजस्व परामर्श समितिको मिति २०८०।०४।१४ को बैठकको सिफारिस एवं गाउं कार्यपालिकाको मिति २०८०।०४।१५ गतेको निर्णय बमोजिम आ.व. २०८०/०८१ को लागि लिखु गाउंपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा बिक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र (मिति २०७९।०४।३१ भित्र) यस कार्यालयको कृषि विकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा बोलपत्र दस्तुर बापतको रु ५०००।०० पाँच हजार (फिर्ता नहुने गरी) नगद बुझाई बिड डकुमेन्ट खरिद गर्न सक्ने छ र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी १६ औं दिन (मिति २०७९।०४।३२) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैंक लि. छहरे शाखामा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिनेछ। रीतपूर्वक पर्न आएका बोलपत्रहरु १६ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/पुन:/आन्तरिक आय/२०८०/०८१ | नुवाकोट जिल्ला, लिखु गाउंपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु नदीहरुबाट संकलन र बिक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>क. ढुंगा, गिटी, बालुवा, ग्राभेल संकलन र बिक्री कर प्रति क्यु फिट रु ९।०० का दरले<br><br>ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ..........................<br>१. ब्लक प्रति गोटा रु ०।२५ (पच्चिस पैसा)<br>२. पानी प्रति लिटर रु ०।१५ (पन्ध्र पैसा)<br>३. पानी प्रति जार रु १।०० (एक रुपैयां)<br>४.माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) प्रति घ.फि रु ३।५० (तीन रुपयां पचास पैसा)<br>५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।०५ (पाँच पैसा)<br>६. फलाम प्रति केजी रु २।०० (दुई रुपैयां)<br>७. सिलोट, जस्ता प्रति केजी रु २।०० (दुई रुपैयां)<br>८. तामा, पित्तल प्रति केजी रु ३०।०० (तीस रुपैयां)<br>९. कागज प्रति केजी रु ०।२५ (पच्चीस पैसा)<br>१०. हाड, सिंग, खुर, प्वाख प्रति केजी रु ०।१० (दश पैसा)<br>११. इटा लोकल प्रति गोटा रु ०।१० (दस पैसा)<br>१२. इनारको रिंग प्रति गोटा रु ३।०० (तिन रुपैयां)<br>१३. मेशिनबाट उत्पादित इटा प्रति गोटा रु ०।२५ (पचिस पैसा) | ४०७९९९८।४६ | रु ३६७१९९८६।१४ (रु तीन करोड सतसठी लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र)<br><br>रु २००००००।०० (बिस लाख मात्र) | रु ५,००० (पाँच हजार) |
| | कुल जम्मा | | रु ३८७१९९८६।१४ (रु तिन करोड सतासी लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र) | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म बोलपत्र यस कार्यालयमा पेश गर्न सकिने छ

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र लिखु गाउंपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालना गर्नु पर्नेछ।

३. ठेकेदार र गाउंपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुंदा वातावरण संरक्षण ऐन, नियमावली लगायत पचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम नियम अनुसार सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण गाउँपालिकामा बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र ठेक्का सकार गर्ने फर्मले संझौता अगावै निजले सकार गरेको कबोल अंक एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिने र अग्रीम एकमुष्ठ नबुझाएमा कबुल अंकको संझौता अगावै ६० प्रतिशत नगदै दाखिला र बाँकी ४० प्रतिशत रकमको लागि २०८१ को साउन मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

७. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गरेमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

८. नदी खोला बरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भूकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि वस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।

९. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१०. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०८१ को आषाढ मसान्त सम्म रहनेछ ।

११. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।